# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## कर्मचारी करार सेवामा पदपुर्ती गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८०।०६।०८)

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णय अनुसार तपसिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपुर्ती गर्नु पर्ने भएकाले ईच्छुक आवेदकहरुलाई सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका तथा रित नपुगी दरखास्त उपर कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | परीक्षाको किसिम |
|---|---|---|---|---|
| ०१/२०८०/०८१ | अ.हे.व. | सहायक चौथो | १ | लिखित / अन्तरवार्ता |
| ०२/२०८०/०८१ | ना.प्रा.स. कृषि | सहायक चौथो | १ | लिखित / अन्तरवार्ता |
| ०३/२०८०/०८१ | न्यायीक सहजकर्ता | सहायक चौथो | १ | लिखित / अन्तरवार्ता |

**परीक्षा केन्द्रः-** नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय, मणिलेक डडेल्धुरा।

**आवश्यक न्युनतम शैक्षिक योग्यताः-** अ.हे.व. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, ना.प्रा.स. कृषिको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि जे.टि.ए उत्तीर्ण गरेको, न्यायीक सहजकर्ताको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको।

**आवश्यक कागजातहरुः-** ईच्छुक आवेदकले तोकिए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर/रसिद साथ तोकिएको मिति भित्र हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपुर्वकको आवेदन फाराम भरी यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०।०६।२२ गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र।

**दरखास्त दस्तुरः-** रु. ४००/- (चार सय) मात्र।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** नवदुर्गा गाउँपालिका कार्यालय, मणिलेक डडेल्धुरा।

**सम्पर्क मितिः-** २०८०/०६/२३।

**तलव स्केल तथा सुविधाः-** गाउँ कार्यपालिकाको निर्णय बमोजिम करार सम्झौता अनुसार।

**पुनश्चः** सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा परीक्षा पदपुर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ र पदपुर्ती समितिको निर्णय अन्तिम हुनेछ।

२०८०।६।६
रवि कुमार चौधरी
प्र.प्रमुख प्रशासकीय अधिकृत

नोटः थप जानकारीका लागि ९८५८७४५४३०,९८५८७४५४४० मा सम्पर्क गर्न सकिनेछ।

E-Mail: nawadurgaruralmun@gmail.com Website: www.navadurgamun.gov.np
Web E-mail: info@navadurgamun.gov.np Facebook Page: Nawadurga Gaupalica